# घरपझोङ राजपत्र

**घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : ६) जोमसोम, वैशाख ३१ गते, २०८२ साल (संख्या : ०१)**

# भाग - २

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय मुस्ताङको**
**सूचना**

## निजी साझेदारीमा यातायात सेवा सञ्चालन एवं प्रवर्द्धन कार्यक्रम, २०८२

**प्रस्तावना**

१. **कार्यक्रमको नामः "निजी साझेदारीमा यातायात सेवा सञ्चालन एवं प्रवर्द्धन कार्यक्रम"**

२. **कार्यक्रमको उद्देश्यः** घरपझोङ गाउँपालिका भित्र यातायातको पहुँच सुनिश्चित गर्ने एवं सो लाई विस्तार गर्ने, गाउँपालिका भित्रका मुख्य बजार तथा वस्तीहरुमा ब्यापारीकरणलाई सहयोग पुऱ्याउने, नागरिक एवं पर्यटकहरूको आवागमनलाई सहज, सर्वसुलभ र सुरक्षित बनाउने, फोहर मैलाको उचित व्यवस्थापन गर्ने, स्थानीय रोजगारीको अवसर सिर्जना गर्ने र सामाजिक-आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस कार्यक्रमको प्रस्ताव गरिएको हो । यस कार्यक्रममा निजी साझेदारहरूको लागत सहभागितामा तिनपाङ्ग्रे विद्युतिय अटोरिक्सा खरिद गर्नको लागि अनुदान प्रदान गरिनेछ।

३. **कार्यक्रमको बजेटः रु १० लाख मात्र**

४. **कार्यविधि र कार्यान्वयनका प्रमुख पक्षहरू**

**४.१ अनुदान वितरणको मापदण्डः**

घरपझोङ गाउँपालिकाले तिनपाङ्ग्रे विद्युतीय अटोरिक्सा खरिद गर्न इच्छुक निजी क्षेत्रका व्यवसायीलाई ५०% अनुदान प्रदान गर्नेछ।

**४.२. भौगोलिक क्षेत्रको चयनः**

घरपझोङ गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्रहरूलाई ध्यानमा राख्दै अनुदानको वितरण हुनेछ । जसमा तपसिल बमोजिमका क्षेत्रहरुमा देहायको सङ्ख्यामा लाभग्राही छनौट गरिनेछ । छनौट भएका लाभग्राहीले पालिकाले तोकिएको क्षेत्र तथा रुटमा सवारी चलाउनुपर्नेछ ।

| क्र.स. | वडा नं. | सङ्ख्या | चलाउने इलाका/रुट | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ | घरपझोङ गाउँपालिका क्षेत्र भित्र मात्र । | |
| २ | २ | १ | | |
| ३ | ३ | १ | | |
| ४ | ४ | १ | | |
| ५ | ५ | १ | | |

कुनै वडाबाट एउटा पनि आवेदन नपरेमा अर्को वडाको नागरिकको आवेदनलाई संलग्न गर्न सकिनेछ ।

**५. कार्यान्वयनका चरणहरू**

**चरण १ः सूचना प्रकाशन र तयारीः**

निजी साझेदारीमा यस कार्यक्रम सञ्चालनको प्रयोजनार्थ ७ दिनको सूचना प्रकाशन गरिनेछ । इच्छुक व्यक्तिहरूले आवेदन प्रक्रिया बुझ्नका लागि गाउँपालिका कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्न सक्नेछन्।

**चरण २ः इच्छुक साझेदारहरूको आवेदन र छनोट प्रक्रियाः**

घरपझोङ गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने इच्छुक निजी व्यवसायीहरूले आवेदन फारम भरी सबै आवश्यक कागजातको साथमा घरपझोङ गाउँपालिका कार्यालयमा पेश गर्नेछन् । आवेदनको मूल्यांकन पछि ७ दिनभित्र योग्य साझेदारहरूको चयन गरिनेछ ।

छनौट गर्न तपसिल बमोजिमको छनौट समिति रहनेछ ।

**छनौट समितिः**

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ५. प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**छनौट समितिले देहायबमोजिमको अङ्कभारको आधारमा आवेदक छनौट गर्नेछ ।**

| क्र.स. | आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | उद्यमशिलता र आचरण | २० | |
| २ | उमेर | १० | १८ देखि ४० सम्म सम्मकोलाई प्राथमिकता दिने |
| ३ | वेरोजगारीको अवस्था | १० | पूर्ण वेरोजगारलाई प्राथमिकता |
| ४ | आर्थिक अवस्था | ४० | कमजोर आर्थिक अवस्था भएकोलाई प्राथमिकता |
| ५ | एकल महिला, महिला, दलित, सिमान्तकृत | २० | |

**चरण ३ः अनुदान वितरण र अटोरिक्सा खरिदः**

सर्वप्रथम छनौट भएका साझेदारहरुले अग्रिम रुपमा नै आफूले व्यहोर्नुपर्ने लागत गाउँपालिकाको खातामा जम्मा गर्नुपर्नेछ । त्यस पश्चात गाउँपालिकाले प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनको अधिनमा रहि विद्युतिय अटोरिक्सा खरिद गर्नेछ र सम्बन्धित लाभग्राहीसँग सम्झौता गरी नियमानुसार वितरण गर्नेछ ।

**चरण ४ः यातायात सेवा सञ्चालन र नियमनः**

विद्युतिय अटोरिक्सा हस्तान्तरण भए पश्चात सम्बन्धित सवारीधनीले ती अटोरिक्सालाई आफूखुसी बनावट परिवर्तन गर्न पाइने छैन । पालिकाले तोकेको रुट तथा क्षेत्रमा सञ्चालन गर्नुपर्नेछ । सो मा लाग्ने सवारी भाडादर सम्बन्धित व्यवसायीसँगको समन्वयमा पालिकाले तोके बमोजिम हुनेछ । सम्बन्धित लाभग्राहीले ५ बर्षसम्म घरपझोङ गाउँपालिका भित्र नै सो सवारी चलाउनुपर्नेछ । सवारीधनीले सो सवारी ५ वर्षसम्म अन्य ब्यक्तिलाई बिक्रि गर्न पाउने छैन । प्रदान गरिएको सवारीको नियमित मर्मत सम्भार तथा अन्य लागत स्वयं लाभग्राहीले व्यहोर्नुपर्नेछ । यातायात सेवा सञ्चालनको दौरान पालिकाले आवश्यकता अनुसार निगरानी र मूल्यांकन गर्नेछ।

## ६. <u>दीर्घकालिक लक्ष्य र प्रभावः</u>

### ६.१ ग्रामीण क्षेत्रमा यातायात सेवामा सुधारः

पालिकाले यस कार्यक्रमको माध्यमबाट घरपझोङ गाउँपालिकाका सबै क्षेत्रहरूमा सहज, सुरक्षित र सस्तो यातायात सेवा उपलब्ध गराउन सफल हुनेछ । यसले स्थानीय बासिन्दाहरूलाई शिक्षा, स्वास्थ्य, र रोजगारीको अवसरमा सहज पहुँच पुर्याउनेछ । साथै पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारमा समेत सहजता आउनेछ ।

### ६.२ रोजगार सृजनाः

यातायात सेवा सञ्चालन गर्नका लागि अटोरिक्सा चालकहरू, मेकानिक, र अन्य सहायक कर्मचारीहरूको आवश्यकता पर्छ । यसले स्थानीय युवाहरूलाई रोजगारको अवसर उपलब्ध गराउनेछ।

### ६.३ सामाजिक र आर्थिक विकासः

सस्तो र सुरक्षित यातायात सेवाले स्थानीय व्यवसायहरूलाई पनि सहयोग पुर्याउनेछ। यसले ग्रामीण क्षेत्रमा सामाजिक, आर्थिक र पर्यटकीय विकासलाई प्रवर्द्धन गर्नेछ।

### ६.४ पर्यावरणीय प्रभावः

तिनपाङ्ग्रे विद्युतिय अटोरिक्सा कम कार्वन उत्सर्जन गर्ने प्रकारको हुने हुँदा यसले पर्यावरणको संरक्षणमा पनि योगदान पुर्याउनेछ।

## ७. <u>निष्कर्षः</u>

घरपझोङ गाउँपालिकाको <u>"निजी साझेदारीमा यातायात सेवा सञ्चालन एवं प्रवर्द्धन कार्यक्रम"</u> दिगो, समावेशी र पर्यावरणीय दृष्टिले उत्तरदायी यातायात सेवाको विकास गर्ने उद्देश्यले चलाइएको एक महत्वपूर्ण पहल हो। यस कार्यक्रमको सफल कार्यान्वयनले गाउँपालिकाका बासिन्दाहरूको जीवनस्तर सुधार्ने, राज्यका सेवाहरुप्रति सहज पहुँच बनाउने, रोजगारीको अवसर सिर्जना गर्ने, पर्यटन प्रवर्द्धन गर्ने र समग्र स्थानीय

अर्थतन्त्रमा सुधार ल्याइ समृद्ध घरपझोङ निर्माणको परिकल्पनालाई साकार पार्न मद्दत गर्ने विश्वास गरिएको छ।

## अनुसूची-१
## कार्यक्रमको निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
घरपझोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ ।

**विषयः "निजी साझेदारीमा यातायात सेवा सञ्चालन एवं प्रवर्द्धन कार्यक्रम"सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको मितिः ............................................ मा प्रकाशित सूचना बमोजिम "निजी साझेदारीमा यातायात सेवा सञ्चालन एवं प्रवर्द्धन कार्यक्रम" अन्तर्गत विद्युतिय अटो रिक्सा अनुदानमा सहभागी हुन इच्छुक भइ तपसिल बमोजिमका कागजात समावेश गरी यो निवेदन पेश गरेको छु । मेरो विवरण तपसिल बमोजिम रहेको छ ।

**संलग्न कागजातहरु**

१. गाउँपालिकाले तोकेको ढाँचामा आवेदन
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. वडाको सिफारिस
४. कुनै प्रकृतिको सवारी चालक अनुमति पत्र

**निवेदकको**

नाम, थरः

ठेगानाः

टोलः

मोबाइल नंः

हस्ताक्षरः

## अनुसूची-२

# सम्झौताको ढाँचा

घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङ (यस पछि पहिलो पक्ष भनिएको) र घरपझोङ गाउँपालिका ..... नं. वडाका स्थायी बासिन्दा श्री ........................................................ (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही पहिलो पक्षबाट दोस्रो पक्षलाई अनुदानमा प्रदान गरिने विद्युतिय अटो रिक्सा सञ्चालन गर्न मञ्जुर भई एक एक प्रति लियौं दियौ ।

<u>तपसिल</u>

१. दोस्रो पक्षले गाउँपालिकाले निर्धारण गरेको "निजी साझेदारीमा यातायात सेवा सञ्चालन एवं प्रवर्द्धन कार्यक्रम" कार्यान्वयन मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ ।

२. पहिलो पक्षले निर्धारण गरेको विद्युतिय अटो रिक्सा सञ्चालन हुने क्षेत्र र भाडादरको पूर्ण परिपालना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

३. दोस्रो पक्षले चालकको विवरण र "C" क्याटेगोरीको सवारी चालक अनुमति पत्र अनिवार्य रुपमा पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

४. विद्युतिय अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी पहिलो पक्षले निर्माण गरेको कानुनी व्यवस्था पूर्ण रुपमा पालना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

५. दोस्रो पक्षले यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम व्यहोर्नुपर्ने साझेदारी रकम एकमुष्ठ रुपमा पहिलो पक्षलाई बुझाउनु पर्नेछ।

६. अनुदान बापत प्राप्त गरेको विद्युतिय अटो रिक्साको नियमित मर्मत सम्भार गर्नु र पुर्ण बिमा गर्नु दोस्रो पक्षको जिम्मेवारी हुनेछ ।

७. दोस्रो पक्षले गाउँपालिकामा विद्युतिय अटो रिक्सा दर्ता गर्नु पर्नेछ र गाउँपालिकाले तोकेको कर तिर्नु पर्नेछ ।

८. पहिलो पक्षले अनुदानमा प्राप्त गरेको विद्युतिय अटोरिक्सा ५ वर्षसम्म विक्रीवितरण गर्न पाउने छैन र अनुदानमा प्रदान गरिएको सवारी कम्तिमा ५ वर्षसम्म गाउँपालिका क्षेत्रभित्र नै चलाउनुपर्नेछ ।

९. दोस्रो पक्षले पहिलो पक्षबाट गरिने अनुगमनका क्रममा आवश्यक सहयोग र सहजिकरण गर्नुपर्नेछ ।

१०. यस सम्झौताको उल्लङ्घन गरेमा प्रदान गरिएको सवारी जुनसुकै बखत पालिकाले जफत गर्न सक्नेछ । यसरी जफत भएपश्चात पालिकाले व्यहोरेको लागत र सोमा लाग्ने प्रचलित ब्याज समेत बुझाएपछि मात्र सम्बन्धित व्यवसायीले सवारी फिर्ता पाउनेछन् ।

११. यस सम्झौतामा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| मितिः | मितिः |
| सम्पर्क नं: | सम्पर्क नं: |
| कार्यालयको छापः | |

रोहबर

श्री ..................................

श्री ..................................

**आज्ञाले,**
वेदहरि अधिकारी
घरपझोङ गाउँ कार्यपालिकाको
**प्रमुख प्रशासकीय अधिकृत**
मिति : २०८२/०१/३१